# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## बकर इद (इद-उल-अज्हा) पर्व, २०८३ को शुभकामना सन्देश

इस्लाम धर्मावलम्बीहरूको महान् पर्व बकर ईद (ईद–उल–अज्हा) को अवसरमा बागमती प्रदेश,स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

हजरत इब्राहिमको त्याग, बलिदान र अल्लाहप्रतिको अगाध समर्पणको सम्झनामा मनाइने यो विशिष्ट पर्वले आपसी सहयोग, सद्भाव र भ्रातृत्वको भावनालाई प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

हाम्रो बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक विशेषता बोकेको समाजमा यस्ता सांस्कृतिक चाडपर्वहरूले राष्ट्रिय एकता र सामाजिक सद्भावलाई अझ मजबुत बनाउन मद्दत पुऱ्याउँछन्। बहुसांस्कृतिक विशेषतायुक्त नेपाल र नेपाली समाजका लागि बकर ईद (इद-उल–अज्हा) लगायतका पर्वहरू कुनै समुदाय विशेषका मात्र नभएर राष्ट्रिय पर्वका रूपमा स्थापित भएका छन्। हरेक चाडपर्वहरूको आफ्नो ऐतिहासिक र विशिष्ट महत्त्व हुने गर्दछ। आपसी सद्भावको चाडका रूपमा मनाइने यस पर्वले सबै नेपालीबीच सामाजिक एकता र सद्भाव अभिवृद्धि गर्न योगदान पुग्ने तथा राष्ट्रिय एकता, समुन्नत एवं समृद्ध नेपाल निर्माण गर्ने राष्ट्रिय अभियानमा थप प्रेरणा मिल्ने विश्वास लिएको छु।

अन्तमा, बकर इद (इद-उल-अज्हा) पर्वले सबै नेपालीहरूबीच एकता, सहिष्णुता र मेलमिलाप कायम गरी समृद्ध र समुन्नत समाज निर्माण गर्न प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**२०८३ साल जेठ १४ गते, बिहिबार**
**ने.सं. ११४६ अनलाथ्व: द्वादशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**